बैठक संख्या १

आज मिति २०८२/०४/१५ गते बिहिवारका दिन बिहान ८:०० बजे यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको पहिलो बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण बहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल बहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को पहिलो कार्यपालिकाको बैठकका

प्रस्तावहरु

१. गत आ.व.को शाखागत प्रगति सम्बन्धमा ।
२. नदीजन्य सामग्रीको ठेक्का सम्बन्धमा ।
३. कबाडी मालसामानमा कवाडी निकासी कर संकलन सम्बन्धी ठेक्का सम्बन्धमा ।
४. विविध

निर्णयहरु

१. निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा रामपुर नगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट सम्पादन गरिएका कार्यहरुको प्रगति समिक्षा गरियो ।

२. निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) को ६ तथा ढुङ्गा,गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यबस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा ५ वमोजिम यस रामपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निस्दी खोला र कालिगण्डकी नदीको ढुंगा, गिट्टी , बालुवा आदि नदिजन्य बस्तुको बिक्रीबाट आ.व.२०८२/०८३ को लागि आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्ती) गर्ने प्रयोजनका लागि तपसिल बमोजिमका घाटहरुको ठेक्कामा लगाउने निर्णय गरियो ।

| ढुङ्गा,गिट्टी,वालुवा विक्री कर तर्फ | | |
|---|---|---|
| १ | RMO/GHAT/NCB/01-082/083 | लिप्सी |
| २ | RMO/GHAT/NCB/02-082/083 | मठार घाट |
| ३ | RMO/GHAT/NCB/03-082/083 080/081- | खयरबोट |
| ४ | RMO/GHAT/NCB/04-082/083 | भलायटार |
| ५ | RMO/GHAT/NCB/05-082/083 | बर्दी खोला |
| ६ | RMO/GHAT/NCB/06-082/083 | बौड़ी घाट |
| ७ | RMO/GHAT/NCB/07-082/083 | मुलेवा घाट |
| ८ | RMO/GHAT/NCB/08-082/083 | निसर्दी घाट |
| ९ | RMO/GHAT/NCB/09-082/083 | भुजात घाट |
| १० | RMO/GHAT/NCB/10-082/083 | अमदाह |
| ११ | RMO/GHAT/NCB/11-082/083 | टुट्वा घाट |
| १२ | RMO/GHAT/NCB/12-082/083 | रामघाट(को |

सूर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | |
|---|---|---|
| १३ | RMO/GHAT/NCB/13-082/083 | बड्वान |
| १४ | RMO/GHAT/NCB/14-082/083 | केलादी |
| १५ | RMO/GHAT/NCB/15-082/083 | बाडाबगर |
| १६ | RMO/GHAT/NCB/16-082/083 | टापुधाम |

३.निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिका क्षेत्रभित्र संकलन गरिने कबाडी मालसामानमा कबाडी निकासी कर लगाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को दफा ६१ मा भएको व्यवस्था बमोजिम कबाडी संकलन निकासी कर ठेक्काको लागि न्युनतम ठेक्का रकम (मु.अ.कर बाहेक) रु ५,००,०००/- (रु पाँच लाख) मा ठेक्का खोल्ने निर्णय गरियो ।

४.निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा नियमावली २०८१ बमोजिम मिति २०८२/०१/०३ गते स्थानीय प्रशासन सेवा, लेखा समूह, लेखा अधिकृत, सातौं तहमा तहमिलान हुनुभएका लेखा अधिकृत श्री हृदयेश पन्थीलाई आर्थिक प्रशासन शाखा प्रमुखको रुपमा कामकाज गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

५.निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिकाले सञ्चालनमा ल्याएको उपप्रमुख कोसेली घरलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि जिल्ला दररेट निर्धारण समिति पाल्पाले तोकेको दैनिक ज्यालदारी रु ७४५ मा कामकाज गर्ने गरी ज्यालादारीमा १ जना कर्मचारी खटाउने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा पछिल्ला आ.व.हरुमा यस नगरपालिका अन्तर्गत नागरिकता नभएका असहाय, विपन्न जेष्ठ नागरिकलाई वडा मुचुल्का तथा वडा कार्यालयको सिफारिसमा प्रति महिना प्रतिव्यक्ति रु १५०० का दरले उपलब्ध गर्दै आइरहेकोमा उक्त कार्यालयलाई आर्थिक सहायता खर्च शीर्षकबाट कट्टा हुने गरी यस आ.व.मा पनि निरन्तरता दिने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामपुर नगरपालिका वडा नं. ३ स्थित सानी अमराईमा रहेको शहरी स्वास्थ्य केन्द्र रजघराका लागि आफ्नो नाममा जग्गा नभएकोले ३ नं. वडा कार्यालयका नाममा दानपत्रको लिखित पारितमा साविक दर्छा गा.वि.स. वडा नं. १ भई हाल रामपुर नगरपालिका ३ बस्ने प्रेमनारायण पराजुलीको छोरा रामभक्त पराजुलीको नाममा दर्ता प्रमाण पुर्जा भएको साविक दर्छा गा.वि.स. वडा नं. १ भई हाल रामपुर नगरपालिकाको ३ को कि.नं. ४००४ को क्षे.फ. ०-५-०-० को आवसिय जग्गा वडा कार्यालयको नाममा दान स्वरुप प्राप्त हुने उक्त जग्गा स्वीकार गर्ने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयको मुख्य भवन लगायत यस वरिपरि रहेका संरचनाहरुको सुरक्षाका लागि रात्रीकालीन समयमा १ जना नगर प्रहरी खटाइएकोमा उक्त नगर प्रहरीले हरेक दिन साँझ खाने खानाको खर्च साथै सार्वजनिक बिदा तथा शनिबारको दिन बिहान खटिए बापतको खाना खर्च रकम समेत रकम विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको कार्यालयबाट सेफ्टि टयाङ्की सफा गर्ने क्रममा जाने कर्मचारीलाई प्रोत्साहन स्वरुप प्रति ट्रिप रु ३५०/-, डोजर अपरेटरलाई खटिएको समयको प्रति घण्टा रु १५०/- का दरले भत्ता रकम तथा ग्रेडर चालकलाई मासिक रुपमा रु ६,०००/-, फोहरमैला राजस्व संकलन र नदीजन्य सामग्री अनुगमनका लागि खटिने नगर प्रहरीलाई खटिएको दिनको रु ५००/- उपलब्ध गराउने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा सत्रौं नगर सभाबाट पारित भई निर्धारित घर निरिक्षण दस्तुर असुल भई आएमा घर निरिक्षणका लागि कार्यस्थलमा खटिई जाने र सो कार्यमा संलग्न सबै कर्मचारीहरुलाई घर निरिक्षण दस्तुर तपसिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

- पुरानो घर स्थलगत निरिक्षण दस्तुर शुल्क रु २०००/-
- नया घर स्थलगत निरिक्षण दस्तुर शुल्क रु २५००/-

११. निर्णय नं. ११. प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका नगर क्षेत्रभित्र उत्पन्न हुने फोहोरमैला सुरक्षित, स्वच्छ र वातावरणमैत्री रूपमा व्यवस्थापन गर्न र सो सम्बन्धी काममा खटिनर् कर्मचारीहरूलाई जिम्मेवारी निर्धारण तथा प्रभावकारी खटाउने तथा फोहरमैला राजस्व संकलनको जिम्मेवारी लिने लगायत काम गर्ने गरी यस कार्यालयमा सवारी चालक पदमा कार्यरत सिताराम आचार्यलाई खटाउने निर्णय गरियो साथै सो बापत मासिक रुपमा रु २२००/- उपलब्ध गराउने निर्णय गरियो ।